
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ११८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख २९ गते बिहीबार ❑ 12 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## बढ्यो मुद्रास्फीति, चालु खाता र शोधनान्तर घाटा

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ बैशाख**

चालु आर्थिक वर्षको नौ महिनामा मुद्रास्फीति, चालु खाता र शोधनान्तर घाटा बढेको छ।

नेपाल राष्ट्र बैंकले चालु आवको नौ महिनाको तथ्याङ्कमा आधारित भएर आज सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय प्रतिवेदनमा गत चैतमा मुलुकको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.२८ प्रतिशत रहेको उल्लेख छ। सोही महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति १४.४२ प्रतिशत रहेको थियो । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.१४ प्रतिशत थियो।

समीक्षा अवधिमा चालु खाता रु पाँच खर्ब १२ अर्ब ७१ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु दुई खर्ब १० अर्ब ५१ करोडले घाटामा थियो। अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा रु एक अर्ब ८० करोडले घाटामा रहेको चालु खाता समीक्षा अवधिमा रु चार अर्ब २८ करोडले घाटामा रहेको छ । त्यसैगरी समीक्षा अवधिमा पूँजीगत ट्रान्सफरमा ३९.५ प्रतिशतले कमी आई रु सात अर्ब ७८ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ३३.७ प्रतिशतले वृद्धि भई रु १६ अर्ब ५१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु १२ अर्ब ८६ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु १२ अर्ब ३५ करोड रहेको थियो । समीक्षा अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ६८ अर्ब २६ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु ४२ अर्ब ५४ करोडले बचतमा रहेको थियो।

अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा रु ३४ करोड ८१ लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा रु दुई अर्ब २५ करोडले घाटामा रहेको छ। केन्द्रीय बैंकका अनुसार २०७८ असार मसान्तमा रु १३ खर्ब ९९ अर्ब तीन करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चितिमा १६.५ प्रतिशतले कमी आई २०७८ चैत मसान्तमा रु ११ खर्ब ६७ अर्ब ९२ करोड कायम भएको छ। अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा रु ११ अर्ब ७५ करोड रहेकोमा गत चैत मसान्तमा १८.२ प्रतिशतले कमी आई रु नौ अर्ब ६१ करोड कायम भएको छ । कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु १२ खर्ब ४४ अर्ब ६३ करोड रहेकोमा गत चैत मसान्तमा १७.९ प्रतिशतले कमी आई रु १० खर्ब २१ अर्ब ४५ करोड कायम भएको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा रु एक खर्ब ५४ अर्ब ३९ करोड रहेकोमा गत चैत्र मसान्तमा ५.१ प्रतिशतले कमी आई रु एक खर्ब ४६ अर्ब ४८ करोड कायम भएको छ । गएको चैत मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.३ प्रतिशत रहेको छ । चालु आवको नौ महिनामा कूल वस्तु निर्यात ६९.४ प्रतिशतले वृद्धि भई रु एक खर्ब ६० अर्ब ५७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात २०.२ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः ८६.९ प्रतिशत र २५.५ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यात २१.८ प्रतिशतले घटेको छ।

वस्तुगत आधारमा पाम तेल, सोयाबिन तेल, धागो (पोलिष्टर तथा अन्य), ऊनी गलैँचा, पिनालगायत वस्तुको निर्यात बढेको छ भने अलैँची, चिया, तार, दन्तमञ्जन, तामाको तारलगायत वस्तुको निर्यात घटेको छ। त्यसैगरी समीक्षा अवधिमा कूल वस्तु आयात ३२.० प्रतिशतले वृद्धि भई रु १४ खर्ब ६६ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १३.१ प्रतिशतले बढेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः २४.४ प्रतिशत, २८.६ प्रतिशत र ५९.२ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधि, कच्चा पाम तेल, अन्य मेशिनरी तथा पार्ट्स, सुनलगायत वस्तुको आयात बढेको छ भने एम.एस.विलेट, रासायनिक मल, सिमेन्ट, दाल, मोलासिस सुगरलगायतका वस्तुको आयात घटेको छ।

## मतदान केन्द्रमा काम सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ बैशाख**

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि कास्की जिल्लाका सबै मतदान केन्द्रमा निर्वाचनका काम सुरु भएको छ।

सबै मतदान केन्द्रमा निर्वाचनका सामग्रीसहित कर्मचारी पुगिसकेको र निर्वाचन प्रक्रियाका तयारीका काम सुरु भइसकेको प्रदेश निर्वाचन कार्यालय पोखरा सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । मतदान केन्द्रमा मतदानका लागि आवश्यक तयारीसँगै अधिकांश केन्द्रमा मंगलबार निर्वाचनलाई निष्पक्ष, भयरहित बनाउन सर्वदलीय बैठक सम्पन्न भएको उहाँले बताउनुभयो। कास्की जिल्लामा पोखरा महानगरपालिकासहित चारवटा गाउँपालिका मादी, अन्नपूर्ण, माछापुच्छ्रे र रुपा रहेका छन्। जिल्लामा सुरक्षाकर्मीबाहेक



एक हजार ६८० कर्मचारी र एक हजार आठ स्वयंसेवक परिचालन गरिएको प्रदेश निर्वाचन कार्यालय पोखरा प्रमुख हुमनाथ पराजुलीले जानकारी दिनुभयो।

कास्कीमा १५० मतदानस्थल र ३३६ मतदान केन्द्र रहेको जानकारी दिँदै प्रमुख पराजुलीले निर्वाचनलाई निष्पक्ष, भयरहित बनाउन सबै किसिमको तयारी गरिएको बताउनुभयो।

निर्वाचनका लागि मङ्गलबार राति १२ बजेदेखि मौनअवधि सुरु भएकाले मंगलबार दलका प्रचारप्रसार कार्यक्रम नहुँदा सहर र गाउँका बस्ती सुनसानजस्तै बनेका छन् । मौनअवधिमा निर्वाचन आचारसंहिता पूर्णरूपमा पालना गराउनका लागि अनुगमनलाई प्रभावकारी बनाइएको मुख्य निर्वाचन अधिकृत श्रीकृष्ण भट्टराईले जानकारी दिनुभयो । निर्वाचनका कारण मतदाता घर फर्कन थालेसँगै सहरी क्षेत्र सुनसान बनेको छ भने गाउँहरू भरिन थालेका छन्।

## मतदान केन्द्रभित्र फोटो खिच्न नपाइने

**रासस**
**काठमाडौं, २८ बैशाख**

निर्वाचन आयोगले वैशाख ३० गते हुने स्थानीय तह सदस्यको निर्वाचन स्वच्छ, स्वतन्त्र र भयमुक्त वातावरणमा सम्पन्न गर्न मतदान केन्द्रमा जाँदा ध्यान दिनुपर्ने पक्षबारे स्पष्ट गरेको छ।

स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ ले गरेका व्यवस्थाका आधारमा आयोगले मतदानको दिन मतदान केन्द्रभित्र मतदाता, उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि, आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक, आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति, महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको नाबालक एवं दृष्टिविहीन वा शारीरिकरूपले अशक्त मतदाताको सहयोगका लागि साथमा आएको एकाघरको परिवारको सदस्यलाई मात्र प्रवेश गर्न दिने व्यवस्था रहेको छ तर मादकपदार्थ सेवन गरेको व्यक्ति मतदाता भए तापनि मतदान अधिकृतबाट मतदान केन्द्रमा प्रवेश गर्न दिइने छैन।

त्यस्तै मतदान केन्द्रमा प्रवेश गर्न अनुमति पाएको मतदाता वा अन्य कुनै व्यक्तिले मतदान केन्द्रभित्र मोबाइल क्यामेरा तथा फोटो खिच्ने सामग्री, सलाइ, लाइटरजस्ता प्रज्वलनशील एसिड पदार्थ, कुनै प्रकारको हातहतियार, नमूना मतपत्रलगायतका कागजात, कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न भएको वा सङ्केत जनिने कुनै वस्तु लैजान नपाइने आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले बुधबार जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

"उपरोक्त बमोजिमका कुनै कार्य कहीँकतैबाट भएमा कानूनबमोजिम कारबाही हुने हुँदा मतदान कार्यलाई स्वच्छ, सहज र व्यवस्थित ढङ्गले सञ्चालनमा सहयोग गर्न सबै मतदाता, राजनीतिक दल, नागरिक समाज, पत्रकार तथा निर्वाचनका सबै सरोकारवालालाई आयोग हार्दिक अपिल गर्दछ ।" विज्ञप्तिमा भनिएको छ।

## मनाङमा निर्वाचनको दिनमा पनि पर्यटकले प्रवेश पाउने

**पोखरापत्र संवाददाता**
**मनाङ, २८ बैशाख**

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि हिमाली जिल्ला मनाङमा बाह्य पर्यटकले प्रवेश पाउने भएका छन् । निश्चित समय तोकिएर नेपाल भ्रमणमा आएका विदेशी पर्यटकलाई सहज बनाउने उद्देश्यले प्रवेश खुला गरिएको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ।

पर्यटन बोर्डबाट भ्रमणको आधिकारिक अनुमतिपत्र लिएर आएका पर्यटकलाई मनाङमा प्रवेश दिइने प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिनुभयो । पर्यटन बोर्डबाट रोडपरमिट लिएर आएका पर्यटकले प्रवेश पाउने उहाँले बताउनुभयो । "पर्यटक आउने अनुकूल समय भएकाले नेपाल सरकारले नै पर्यटकलाई प्रवेश दिन सर्कुलर गरेको छ। सोहीबमोजिम मौन अवधिमा सवारीमार्फत पर्यटक मनाङ आउन सक्नेछन्। तर निर्वाचनको दिनमा सवारी सञ्चालनमा रोक लगाइएको छ। पैदलयात्रामा आउने पर्यटकले निर्वाचनकै दिनमा पनि प्रवेश पाउनेछन्", आचार्यले भन्नुभयो।

पर्यटक विशेषगरी सबैभन्दा उच्च स्थानमा रहेको तिलिचो ताल (४९१९ मिटर) पुग्न आउने गरेका छन् । विदेशी पर्यटक विशेषगरी अन्नपूर्ण पदमार्गको यात्रामार्फत तिलिचो ताल पुग्ने गर्दछन्। विदेशी पर्यटक हिमालको काखमा पुगेर मनोरञ्जन लिनुका साथै हिमाल आरोहण गर्न आउने गर्दछन्। थोराङ्ला पास, तिलिचो काललगायतका स्थानको भ्रमण तथा अवलोकनका लागि पर्यटक मनाङ आउने गर्दछन्।

## नामावलीमा नाम भएकाले नागरिकता वा राहदानीका आधारमा पनि मत दिन पाइने

**रासस**
**काठमाडौं, २८ बैशाख**

निर्वाचन आयोगले यही वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि मतदाता नामावलीमा समावेश भएका मतदाताले मतदाता परिचयपत्र वा अन्य सक्कली सरकारी कागजपत्रका आधारमा मतदान गर्न सकिने निर्णय गरेको छ। आयोगले बुधबार गरेको निर्णयानुसार मतदानका लागि मतदाता नामावलीमा नाम हुनु अनिवार्य छ भने मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गा धनी प्रमाण पुर्जाको सक्कल प्रमाण हुनु आवश्यक हुने गरी मतदान गर्न दिन सबै निर्वाचन अधिकृतलाई निर्देशन दिइएको छ।

## हिउँदे, वर्षे बिदा कटौती गरेर आइतबार विद्यालयलाई बिदा

**रासस**
**काठमाडौं, २८ बैशाख**

सरकारले हिउँदे, वर्षे वा अन्य बिदा कटौती गरेर विद्यालयहरूलाई आइतबार बिदा दिने निर्णय गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परीक्षणका रूपमा आगामी जेठ १ गतेदेखि लागू हुने गरी शनिबार र आइतबार सार्वजनिक बिदा दिने हालैको मन्त्रिपरिषद्को निर्णयअनुसार आइतबार बिदा दिँदा अपुग हुने पाठ्यघण्टा तथा कार्यसमय नघट्ने गरी उक्त दिन दिइएको बिदा हिउँदे, वर्षे वा अन्य बिदाबाट कटौती गरेर परिपूर्ति गर्न सबै स्थानीय तह र विद्यालयहरूलाई निर्देशन दिएको हो । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सार्वजनिक बिदा र शैक्षिक व्यवस्थापन सम्बन्धमा सबै स्थानीय तह र विद्यालयलाई आज एक परिपत्र गर्दै सोमबारदेखि शुक्रबारसम्म बिहान ९ बजेदेखि अपराह्न ४ बजेसम्म पठनपाठन सञ्चालन गर्न निर्देशन दिएको छ । "आइतबार सार्वजनिक बिदा दिइएका कारण अपुग हुने समयावधि हिउँदे वा वर्षे वा अन्य बिदाबाट कटाई परिपूर्ति गर्न तथा त्यसो गर्दा वर्षभरिमा अधिकतम ३० दिनसम्म एकैपटक वा पटक-पटक गरेर बिदा दिन सकिने गरी स्थानीय तहले बिदा समायोजन गर्ने, विद्यालयहरूले त्यसैअनुसार वार्षिक क्यालेण्डर तयार गरी कार्यान्वयन गर्ने" केन्द्रको परिपत्रमा भनिएको छ।

## ट्रक दुर्घटनामा दुई जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ बैशाख**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा गए राति भएको ट्रक दुर्घटनामा दुई जनाको मृत्यु भएको छ।

निलगिरिखोला जलविद्युत् आयोजनामा सिमेन्ट पुऱ्याएर फर्कँदै गरेको ग२ख ६५८ नंको ट्रक दुर्घटना हुँदा सवारीधनी र चालकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवाका ४३ वर्षीय खुमबहादुर राम्जाली र मकवानपुर गोगनी-४ का ३४ वर्षीय सन्तबहादुर तितुङको मृत्यु भएको प्रहरी निरीक्षक राजन ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार राम्जाली सवारी धनी र तितुङ चालक हुन् । घटनास्थलबाट उद्धार गरेर बेनी अस्पतालमा ल्याउँदा चिकित्सकले उनीहरूलाई मृत घोषणा गरेका थिए । शव परीक्षणका लागि बेनी अस्पतालमा राखिएको छ । प्रहरी घटनास्थलमा पुगेर थप अनुसन्धान सुरु गरेको छ।

सडकबाट करिब ६० मिटर तल खसेर ट्रक दुर्घटना भएको थियो । नारच्याङमा निलगिरिखोला हाइड्रोपावरले ११० मेगावाट क्षमताको निलगिरिखोला र निलगिरिखोला क्यासकेट जलविद्युत् आयोजना निर्माण गरिरहेको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्वास्थ्य सम्वन्धी पुर्नस्थापना सेवामा वकालतको लागि अभिमुखिकरण कार्यक्रम

पोखरापत्र संवाददाता

पोखरा, २८ बैशाख



राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशको आयोजनामा गण्डकी प्रदेशको स्याङ्जा, लम्जुङ, गोर्खा र कास्कीमा रहेका अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संस्थाका प्रतिनिधीहरुलाई स्वास्थ्य र पुर्नस्थापना सम्वन्धी अभिमुखिकरण कार्यक्रम सम्पन भएको हो । अपाङ्गता भइका व्यक्तिहरुको स्वास्थ सम्वन्धी पुनर्स्थापना सेवालाई स्थानिय तहमै सहज र एकिकृत गर्न गर्नुपर्ने वकालत गर्नको लागी उनिहरुलाई बिभिन्न बिषयमा क्षमता बिकास गरिइको थियो। उक्त कार्यक्रममा गण्डकी प्रदेशका कार्यक्रम अधिकृत निरज गिरिले अपाङ्गताको अवधारणा, परिभाषा र वर्गिकरणका साथै अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सम्वन्धी पुनर्साथापना सेवाका सम्वन्धमा वनेका राष्ट्रिय तथा अन्तराष्टिय कानुनहरुको बिषयम सहजिकरण गर्नुभएको थियो भने संघका अध्यक्ष खोमराज शर्माले अपाङ्गता भएका ब्यक्ति लगायत सबैका लागि आबस्यक पर्ने पुनर्स्थापना र अपाङ्गता भएका ब्यक्ति लगायत सबैका लागि सरकारी तथा गैर-सरकारी क्षेत्रबाट उपलब्ध पुनर्स्थापना सेवाहरू बारे जानकारी गराउनुभएको थियो । यस्तै गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सम्वन्धी पुनर्स्थापना कार्यक्रममा काम गरिरहुनुभएका प्रदेस परियोजना अधिकृत सुर्य प्रसाद भटटराईले स्वास्थ्य सम्बन्धित पुनर्स्थापना सेवाको परिचय, अवधारणा तथा पुनर्स्थापनाका प्रकारहरु, -पुनर्स्थापना सम्बन्धित धारणाहरु, स्वास्थ्य सम्बन्धित पुनर्स्थापना सेवाको समस्याको विश्लेषण, र स्थानिय तहमा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य सम्वन्धी पुनर्स्थापनामा काम गर्नको लागी सदस्य संस्थाहरुको भुमिका तथा समन्वय कसरी गर्ने लागायतका बिषयमा सहजिकरण गर्नुभएको थियो ।

कार्यक्रममा महासंघ गण्डकी प्रदेशको उपाध्यक्ष अन्जना के.सी. ले वकालत कसरी गर्ने, संघका सदस्य हेम गुरुङ्ले सहायक सामाग्रीको उपलव्धता र प्रप्त गर्ने देखिएक समस्याहरुबारे सहजिकरण गर्नुभएको थियो भने बौद्धिक अभिभावक संघका केन्द्रिय महासचिब रामनारायण श्रष्ठले स्थानीय तहहरुको बजेट निर्माण र त्यस्मा हाम्रो भुमिकाका बिषयमा सहजिकरण गर्नुभएको थियो । २ दिन पोखराको फेवा रिसोर्ट लेकसाईडमा भएको कार्यक्रमलाई अनुगम गर्नको लागी साझेदार संस्था हेन्डीक्याप इन्टरनेशनल बाट बिना पण्डित र कन्चन भण्डारीको उपस्थिती समेत रहेको थियो ।

# पर्वतका सबै मतदानस्थलमा खटिए कर्मचारी

रासस

पर्वत, २८ बैशाख

पर्वतका सबैजसो मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मी खटिन थालेका छन् ।

कतिपय ठाउँमा यातायातका साधनमा त सदरमुकाम वरि परी पैदलै हिँडेर कर्मचारी र सुरक्षाकर्मी मतदानस्थलमा पुगिसकेका छन् । जिल्लाका ७४ मतदानस्थलका १४७ मतदान केन्द्रमा आज साँझसम्म कर्मचारी र सुरक्षाकर्मी पुगेर मतदानको तयारी गरिरहेको जिल्ला निर्वाचन अधिकारी लक्षु शर्माले जानकारी दिनुभयो । मतदानका लागि आवश्यकपर्ने मतपत्र, मतपेटिका, मतदाता नामावलीलगायत सबै सामग्री लिएर मतदान केन्द्रतर्फ कर्मचारी खटिइसकेको उहाँले बताउनुभयो । एक सय ४७ जना मतदान अधिकृत, १४७ सहायक मतदान अधिकृत, २९४ सहायक कर्मचारी, १४७ जना सहयोगी कर्मचारी गरी ११ सय भन्दा बढी कर्मचारी परिचालन गरिएको शर्माले जानकारी दिनुभयो । मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई शनिबार र आइतबार कुश्मामा तालिम दिइएको थियो । मतदानको मिति नजिकिँदै गर्दा सुरक्षा र अन्य व्यवस्थापकीय तयारीलाई चुस्त पारिएको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले बताउनुभयो । निर्वाचनको तयारी अन्तिमचरणमा पुगेको उहाँले बताउनुभयो ।

मतदान र मतदान अघि तथा मतगणना सम्मको अवस्थाका लागि तयार पारिएको सुरक्षा रणनीति कार्यान्वयन गरिएको प्रजिअ सापकोटाले बताउनुभयो । निर्वाचनमा म्यादी प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेना परिचालन भएका छन् । निर्वाचन लक्षित गरेर ७४१ जना म्यादी प्रहरी नियुक्त भएका छन् । जिल्लाभर झण्डै दुई हजार सुरक्षाकर्मी परिचालन गरिने भएको छ । सात वटा स्थानीय तहमा ६१ वडा रहेको पर्वतमा १ लाख २२ हजार ५० मतदाता रहेका छन् । जिल्लाभर ३१९ पदका लागि ८६५ जना उम्मेदवार प्रतिस्पर्धामा रहेका छन् ।

# बागलुङमा निर्वाचन तयारी पूरा

पोखरापत्र संवाददाता

बागलुङ, २८ बैशाख

चुनाव गराउन कर्मचारी र सुरक्षाकर्मी यहाँका सबै मतदानस्थल पुगेका छन् ।

शुक्रबार मतदान छ। चुनावी तयारी मतदानस्थल केन्द्रित बनेको छ । जिल्ला निर्वाचन अधिकारी यज्ञप्रसाद रिजालले जिल्लाका एक सय तीनवटै मतदानस्थलमा मतदान अधिकृतसहित कर्मचारी, सुरक्षाकर्मी र निर्वाचन सामग्री पुगिसेकेको जानकारी दिनुभयो। "सर्वदलीय बैठक राख्नेलगायत मतदानस्थलको व्यवस्थापकीय काम सुरु भएको छ," उहाँले भन्नुभयो, "बुधबार र बिहीबार मतदानस्थलबाटै मतदाता शिक्षा र मतदाता परिचयपत्र वितरण पनि सँगसँगै हुन्छ ।" मतदानका लागि 'बुथ' निर्माणको काम बिहीबारसम्ममा भइसक्ने जनाइएको छ । यहाँका एक सय तीन मतदानस्थलमा २३० मतदान केन्द्र छन् । एउटा मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारीलगायत गरी पाँचजना कर्मचारी खटाइएको छ। चुनावलाई स्वच्छ र भयरहित बनाउन जिल्लाभर सुरक्षा प्रबन्ध चुस्त पारिएको छ । मतदान केन्द्रलाई अति संवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी जिल्ला सुरक्षा समितिले सुरक्षा रणनीति तयार पारेको छ । विगतका घटनाको विश्लेषण, मतदाता सङ्ख्या, भौगोलिक अवस्थिति, मतदान केन्द्रको दूरी र राजनीतिक शक्ति सन्तुलनलाई हेरेर मतदान केन्द्रको वर्गीकरण गरिएको हो ।

समितिका सदस्य एवं जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक दयानिधि ज्ञवालीले मतदान केन्द्रको भित्री सुरक्षामा जनपद र म्यादी प्रहरी खटिने बताउनुभयो ।

बाहिरी सुरक्षा घेरामा भने सशस्त्र प्रहरी र नेपाली सेना रहने उहाँको भनाइ छ । जिल्लाभर गरी झन्डै एक हजार जति म्यादी र सात सयभन्दा बढी नेपाल प्रहरी सुरक्षामा खटिएका छन् । सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गरी आठदेखि २२ जनासम्म सुरक्षाकर्मी एउटा मतदान केन्द्रमा परिचालन गरिएको छ ।

जिल्लामा एक लाख ९३ हजार ६२५ मतदाता छन् । ती मध्ये महिला ९९ हजार ७२८ र पुरुष ९३ हजार ८९७ छन् । दस वटै स्थानीय तहका गरी ४६९ जना जनप्रतिनिधि छान्न यहाँका मतदाताले आफ्नो मताधिकार प्रयोग गर्दैछन् । आफूलाई मन परेको उम्मेदवारलाई मत दिन जिल्लाबाहिर रहेका मतदाता पनि गाउँ भित्रिएका छन् । पाँच वर्षपछि हुन लागेको स्थानीय तह चुनावले माहोल गर्माएको छ ।

# 'निर्वाचन लक्षित सुरक्षा व्यवस्था प्रभावकारी'

पोखरापत्र संवाददाता

दमौली, २८ बैशाख

तनहुँका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले जिल्लामा निर्वाचन लक्षित सुरक्षा व्यवस्था प्रभावकारी बनाइएको बताउनुभएको छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन प्रशासन प्रतिबद्ध रहेको अर्यालले बताउनुभयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेशको कार्यालयले मङ्गलबार जिल्लाको मानवअधिकारको अवस्था र निर्वाचनपूर्व अनुगमनको क्रममा प्रजिअ अर्यालले नेपाली सेनाको कमाण्डमा चारवटै सुरक्षा निकाय प्रभावकारीरूपमा परिचालन भइरहेको बताउनुभयो। राजनीतिक दलहरूको पटक-पटक बैठक राखेर निर्वाचन आचारसंहिताको प्रभावकारी पालनाका लागि जोड दिइएको र निर्वाचन आचारसंहिता उल्लङ्घन भएको देखिए त्यस्तो अवस्थामा सम्बन्धितलाई सचेत गराइएको उहाँले बताउनुभयो ।

निर्वाचनलाई भयरहित, स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन सुरक्षा निकाय, कर्मचारी, राजनीतिक दल सबै प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । स्थानीय विशेष सुरक्षा व्यवस्था गरी निर्वाचन कार्यालय, उम्मेदवार, निर्वाचन सामग्री, दलको प्रचारप्रसार, मतदान सुरक्षा, मतदान केन्द्र सुरक्षा गरी तीन तहमा सुरक्षा प्रबन्ध गरिएको उहाँको भनाइ छ । जिल्लाका १३६ वटै मतदात केन्द्र र २९७ वटै मतदानस्थलमा खटिने कर्मचारीको व्यवस्थापन भई कर्मचारी आफ्नो मतदान केन्द्रमा पुग्ने क्रम जारी रहेको प्रजिअ अर्यालले बताउनुभयो । एउटा मतदान केन्द्रमा २४ जनासम्मको सुरक्षाकर्मी परिचालन गरिने प्रजिअ अर्यालले बताउनुभयो ।

अनुगमनका क्रममा इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेलले इन्सेकले मानवअधिकारको संरक्षणमा कार्य गर्दै आएको र निरन्तररूपमा निर्वाचनको पर्यवेक्षणको काम गरिरहेको जानकारी गराउनुभयो । सो टोलीले जिल्लाका पर्यवक्षेकसँग पनि अन्तर्क्रिया गरेको थियो । सो क्रममा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) तनहुँकी अध्यक्ष सोनी शर्माले पर्यवेक्षकहरूले निर्वाचन आचारसंहिताको पालनाको अनुगमन र समग्र निर्वाचन कार्यक्रमको अनुगमन गरिरहेको बताउनुभयो ।

इन्सेक गण्डकी प्रदेश कार्यालयका संयोजक खकुरेल, इन्सेकका कार्यक्रम अधिकृत सवनम शर्मा, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक)का गण्डकी प्रदेश समितिका सदस्य प्रेम सोम्याङ, इन्सेक जिल्ला प्रतिनिधि, नियोक तनहुँ जिल्ला अध्यक्ष सोनी शर्मासहितको टोलीले जिल्लामा मानवअधिकार र निर्वाचनपूर्व अनुगमन गर्नुभएको थियो ।

# मनाङमा मतदाता परिचयपत्र वितरण

पोखरापत्र संवाददाता

मनाङ, २८ बैशाख

हिमाली जिल्ला मनाङमा नयाँ मतदाता र पुरानो मतदाता परिचयपत्र हराएकालाई परिचयपत्र वितरण गरिएको छ । जिल्लाका २८ मतदान केन्द्रमा मतदाता परिचयपत्र वितरण कार्य सुरु गरिएको जिल्ला निर्वाचन कार्यालय मनाङले जनाएको छ ।

मतदान केन्द्रमा पुगेका निर्वाचन अधिकृतहरू निर्वाचनलाई निष्पक्ष र भयरहित तवरबाट व्यवस्थित र शान्तिपूर्ण रूपमा सम्पन्न गराउन सर्वदलीय र सर्वपक्षीय छलफल गराई आवश्यक निर्णयसमेत गरी मतदानको तयारीमा छन् ।

यही वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि जिल्लामा बिहानैदेखि परिचयपत्र वितरण सुरु गरिएको हो । मतदाता परिचयपत्र वितरण गर्न जिल्ला निर्वाचन कार्यालयले विभिन्न निर्वाचन केन्द्रमा निर्वाचन अधिकृतसहितको टोली खटाएको छ । मनाङ देशकै सबैभन्दा कम मतदाता सङ्ख्या रहेको जिल्ला हो । चार पालिका रहेको मनाङमा छ हजार ४९६ मतदाता रहेका छन् । तीमध्ये सबैभन्दा बढी मनाङ ङिस्याङ गाउँपालिकामा तीन हजार ५३५ छन् भने सबैभन्दा कम नार्पाभूमि गाउँपालिकामा ४४८ जना मतदाता रहेका छन् ।

नयाँ मतदाताका लागि निर्वाचन आयोगले आज र भोलि (बिहीबार) मतदाता परिचयपत्र वितरण गर्नेछ । पहिलोपटक मतदाता नामावलीमा नाम दर्ता गराएका र परिचयपत्रका लागि जिल्ला निर्वाचन कार्यालयमा निवेदन दिएकालाई आयोगले दुई दिन मतदाता परिचयपत्र वितरण गर्ने भएको हो ।

## सर्पको टोकाईबाट बचौं र बचाऔं ।

◆सर्पको टोकाईबाट बचौं र बचाऔं ।
◆सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
◆सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
◆सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
◆गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
◆आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# निरन्तर मूल्य बृद्धी

निर्वाचनको समय र निर्वाचन पछि मुल्य बढ्ने गर्दछासबैको ध्यान निर्वाचनमा गएको मौका छोपेर मुल्य बढाउने गर्दछना।राजनीतिक दल र उमेदवारले ब्यापारी, उद्योगीसंग चन्दा उठाउने र चन्दा दिने हुँदा मूल्य बढाउने गर्दछन । त्यस्तो मुल्यबृद्धी कृतिम हुनेगर्छ । गठबन्धन सरकार बनेपछि हरेक क्षेत्रमा मुल्य बढेको छानेपालमा मूल्यवृद्धि निरन्तर उकालो लागेको छ । नेपाल राष्ट्र बैंकका अनुसार गत चैत महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.२८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ३.१० प्रतिशत रहेको थियो ।

चैत महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.४० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ७.१८ प्रतिशत रहेको छ। चैत महिनामा औसत मुद्रास्फीति ५.६२ प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ । २०७७ चैत महिनाको तुलनामा २०७८ चैत महिनामा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत घ्यू तथा तेल, दुग्ध पदार्थ तथा अण्डा, दाल तथा गेडागुडी र सुर्तीजन्य पदार्थ उपसमूहको मूल्यवृद्धि क्रमशः २८.३६ प्रतिशत, ११.५६ प्रतिशत, १०.५३ प्रतिशत र ८.९१ प्रतिशत रहेको छ। सरकारले बजार अनुगमन नगर्दा निरन्तर मुल्य बढेको छातेल र ध्युको मुल्य अस्वभाविक रुपमा बढाइएको छ।

गैर-खाद्य तथा सेवा समूह अन्तर्गत यातायात, शिक्षा र विविध वस्तु तथा सेवा उपसमूहको मुद्रास्फीति क्रमशः २०.१६ प्रतिशत, ८.७९ प्रतिशत र ८.१७ प्रतिशत रहेको छ । चैत महिनामा काठमाडौं उपत्यकामा ६.२५ प्रतिशत, तराईमा ७.६१ प्रतिशत, पहाडमा ७.७९ प्रतिशत र हिमालमा ८.२५ प्रतिशत मुद्रास्फीति रहेको छ । २०७७ चैतमा यी क्षेत्रहरुमा क्रमशः ३.२४ प्रतिशत, २.९२ प्रतिशत, ३.३८ प्रतिशत र १.५४ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

२०७८ चैत महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति १४.४२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.१४ प्रतिशत रहेको थियो । चैत महिनामा उपभोग्य वस्तु, मध्यवर्ती वस्तु र पुँजीगत वस्तुको थोक मूल्यवृद्धि क्रमशः १७.०७ प्रतिशत, १४.१३ प्रतिशत र ७.२२ प्रतिशत रहेको छ । सोही महिनामा निर्माण सामग्रीको थोक मूल्यवृद्धि २५.२२ प्रतिशत रहेको छ । सरकारको आर्थिक अनुशासनहिनता र बजार अनुगमन हुन छाडेको छासरकार जनताप्रति उत्तरदायी नभएकोले यस्तो अवस्था सृजना भएको हो । गठबन्धन सरकार कायमै रहने र दलाल र विचौलीया हावी भइरहे मुल्यबृद्धी अझै बढ्नेछ ।

# म्याग्दीका सबै मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मी पुगे

पोखरापत्र संवाददाता
म्याग्दी, २८ बैशाख

स्थानीय तह चुनाव सञ्चालन गर्न म्याग्दीका सबै मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मी पुगेका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले ७४ मतदानस्थलका ११४ वटा मतदान केन्द्रमा कर्मचारी र सुरक्षाकर्मी पुगेका जनाएको छ । मुख्य निर्वाचन अधिकृत तेजनारायण पौडेलले मङ्गलबार केन्द्रमा पुगेर मतदान अधिकृतले सूचना टाँसेका जानकारी दिनुभयो ।

बुधबार र बिहीबार मतदान केन्द्रमा सर्वदलीय, सर्वपक्षीय बैठक, मतदान केन्द्र निर्माण र मतदाता परिचयपत्र वितरणका साथै मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने भएको छ । एकाघरको सदस्यलाई मतदाता परिचयपत्र दिइने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मतदानका लागि आवश्यक पर्ने मतपत्र, मतपेटिका, मतदाता नामावलीलगायत सबै सामग्री लिएर मतदान केन्द्रतर्फ लागेका हुन् । कर्मचारी र सुरक्षाकर्मी मतदान केन्द्रमा पुगेपछि निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको मुख्य निर्वाचन अधिकृत पौडेलले बताउनुभयो ।

चुनावका लागि म्याग्दीमा कूल दुई हजार २५ कर्मचारी र सुरक्षाकर्मी परिचालन भएका छन् । मतदान केन्द्रमा ५६१ कर्मचारी र एक हजार ४६६ सुरक्षाकर्मी परिचालन भएका हुन् । एक सय १४ मतदान अधिकृत, ११४ सहायक मतदान अधिकृत, २२८ सहायक कर्मचारी, ११४ सहयोगी कर्मचारी गरी जिल्लाभर ५६१ जना कर्मचारी परिचालन भएका छन् । निर्वाचनमा म्यादी प्रहरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेना परिचालन भएका छन् । निर्वाचन लक्षित गरेर ६१८ म्यादी प्रहरी नियुक्त भएका छन् । तीन सय ८० नेपाल प्रहरी, २०६ सशस्त्र प्रहरी, २६२ नेपाली सेना परिचालन भएका प्रहरी नायब उपरीक्षक तिलक भारतीले बताउनुभयो ।

मतदानको दिन नजिकिँदै गर्दा सुरक्षा र अन्य व्यवस्थापकीय तयारीलाई चुस्त पारिएको प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले बताउनुभयो । निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो । मतदान र मतदानअघितथामतगणनासम्मको अवस्थाका लागि तयार पारिएको सुरक्षा रणनीति कार्यान्वयन गरिएको छ । छ स्थानीय तह र ४५ वडा रहेको म्याग्दीमा ४१ हजार ४१४ पुरुष, ४३ हजार ९६० महिला र एक तेस्रोलिङ्गी गरी ८५ हजार ३७५ मतदाता छन् । निर्वाचित हुने २३७ पदका लागि ७१८ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

# तनहुँका २७२ मतदान केन्द्रमा मतपत्र पुग्यो, २५ केन्द्रमा बुधबार

रासस
काठमाडौं, २८ बैशाख

यही बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि तनहुँका २७२ मतदान केन्द्रमा मतपत्र, मतपेटिकासहितका सबै सामग्री पुगेको छ । जिल्लाका २९७ मतदान केन्द्रमध्ये २७२ मतदान केन्द्रमा मङ्गलबार रातिसम्म मतपत्र, मतपेटिकालगायत ६१ निर्वाचन सामग्रीसहित कर्मचारी पुगेका छन् ।

बाँकी २५ मतदान केन्द्रमा आज मतपत्र, मतपेटिकालगायत सामग्री पठाइने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । सदरमुकामबाट नजिकै रहेका मतदान केन्द्रमा मात्रै सामग्री र कर्मचारी पुग्न बाँकी रहेको कार्यालयले जनाएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत कृष्ण गौतमले व्यास नगरपालिकाका २१, ऋषिङ गाउँपालिकाका एक र म्याग्दे गाउँपालिकाका तीन मतदान केन्द्रमा मात्रै निर्वाचन सामग्री र कर्मचारी पुग्न बाँकी रहेको जानकारी दिनुभयो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र उपलब्ध गराइएको छ भने जिल्ला निर्वाचन कार्यालयबाट मतपेटिकालगायत ६१ सामग्री उपलब्ध गराइएको छ । निर्वाचन कार्यालयले भने २९७ मतदान केन्द्रका लागि नै सामग्री प्रदान गरिसकेको निर्वाचन कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिनुभयो ।

निर्वाचन सामग्री बुझेपछि सुरक्षा निकायको निगरानीमा कर्मचारीलाई सम्बन्धित मतदान केन्द्रसम्म लैजाने व्यवस्था मिलाइएको छ । मतदान केन्द्रमा खटिने सबै कर्मचारी मतदान केन्द्रमा पुगिसकेपछि सम्बन्धित ठाउँका राजनीतिक दलसँग बैठक, मतदाता परिचयपत्र वितरण, मतदान केन्द्र निर्माणलगायत काम हुनेछन् । निर्वाचनमा खटिने एक हजार ४८५ मध्ये ८९१ कर्मचारीलाई मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट नियुक्ति र तलबभत्ता उपलब्ध गराइएको मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश हरिशचन्द्र ढुङ्गानाले जानकारी दिनुभयो ।

जिल्लाका मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक, सहयोगी र अन्य गरी दुई हजार ३७६ जनशक्ति परिचालन गरिएको छ । निर्वाचनका लागि २९७ मतदान अधिकृत, २९७ सहायक मतदान अधिकृत, ५९४ सहायक, २९७ सहयोगी परिचालन गरिएको छ । त्यसका साथै मतदान केन्द्रमा ८९१ कर्मचारी नियुक्त गरिएको छ । तनहुँमा दुई लाख ४४ हजार ३४० मतदाताले मतदान गर्दैछन् ।

गत स्थानीय तह निर्वाचनमा भन्दा यसपटक ४९ हजार ८६९ बढी मतदाता थपिएका छन् । विसं २०७४ को स्थानीय तह निर्वाचनमा जिल्लामा एक लाख ९४ हजार ४७१ मतदाता रहेका थिए ।

# मतगणनास्थलको तयारी पूरा, सिसी क्यामेरासहित तारजालीको व्यवस्था

रासस
बागलुङ, २८ बैशाख

सुरक्षित तरिकाले मतगणना गर्नका लागि बागलुङका मतगणनास्थलमा तयारी गरिएको छ । बागलुङका १० वटै पालिकामा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयले मतगणनास्थल निर्माण गरी तयारी अवस्थामा राखिएको जनाएका छन् ।

बागलुङका १० वटै मतगणनास्थलमा सिसी क्यामेरासहित तारजालीको व्यवस्था गरिएको छ । ३० गते हुने स्थानीयतहको निर्वाचनको मतदानपछि पालिकाले मतगणनाका लागि स्थलको तयारी पूरा गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालय बागलुङका मुख्य निर्वाचन अधिकृत वासुदेव न्यौपानेले जानकारी दिनुभयो । न्यौपानेका अनुसार जिल्लाका १० वटै मतगणनास्थल मत गणनाका लागि सुरक्षित बनाइएको छ । बागलुङको ४ नगरपालिका र ६ गाउँपालिकाको मतगणनाका लागि सिसी क्यामेरासहित तारजालीको व्यवस्थापन गरेर मतगणना गर्ने तयारी अनुसार मतगणनास्थल तयार पारिएको छ । मुख्य निर्वाचन अधिकृत न्यौपानेका अनुसार बागलुङ नगरपालिकाको मतगणना जिल्ला समन्वय समितिको सभाहलमा गर्नका लागि मतगणनास्थल तयार गरिएको छ। सभाहलमा तारजाली लगाइएको छ भने सिसी क्यामेरा जडान गरेर तयारी अवस्थामा राखिएको छ ।

यस्तै जैमिनी नगरपालिकाले नगरपालिकाको वडा नं १ को सभाहलमा मतगणनास्थलको तयारी गरेको निर्वाचन अधिकृत सूर्यप्रसाद भण्डारीले जानकारी दिनुभयो । उहाँले मतगणनास्थलमा सिसी क्यामेरा जडान र तारबारको व्यवस्था मिलाएको बताउनुभयो ।

यस्तै गलकोट नगरपालिकामा मतगणनाका लागि पुरानो गलकोट माध्यमिक विद्यालयको भवनमा मतगणनास्थल तयार पारिएको छ भने ढोरपाटन नगरपालिकाले बुर्तिबाङस्थित उत्तरगङ्गा माध्यामिक विद्यालयको भवनमा मतगणनाको तयारी गरेको छ ।

दुवै मतगणनास्थलमा सिसी क्यामेरासहित बलियो गरी तारबार लगाइएको छ । यस्तै तमानखोला गाउँपालिकामा मतगणनाको लागि स्थलको तयारी पूरा गरिएको छ । सुरक्षित तरिकाले मतगणना गर्नका लागि तारजालीसहित सिसी क्यामेराको व्यवस्था मतगणनास्थलमा गरिएको तमानखोला गाउँपालिकाका निर्वाचन अधिकृत लालप्रसाद लामिछानेले जानकारी दिनुभयो । यस्तै निसीखोला गाउँपालिकाको सभाहलमा मतगणनास्थल निर्माण गरिएको निसिखोला गाउँपालिकाका निर्वाचन अधिकृत गोविन्द गिरीले जानकारी दिनुभयो । उक्त मतगणनास्थलमा सिसी क्यामेरासहित तारजालीको व्यवस्थापन गरिएको हो । जिल्लाको बडिगाड गाउँपालिकास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतगणनास्थलको तयारी पूरा गरेको छ, भने ताराखोला गाउँपालिकाको केन्द्र भातखाने डाँडामा मतगणनास्थल तयार पारिएको हो । सबैमा सिसी क्यामेरा र तारजाली अनिवार्य गरिएको छ भने अन्य सुरक्षा मतगणनास्थलको अवस्था अनुसार हुनेछ । यस्तै काठेखोला गाउँपालिकाको निर्वाचन अधिकृतको कार्यालयले भीमसेन माध्यमिक विद्यालयको भवनमा सिसी क्यामेरा र तारबारसहित मतगणनास्थल तयार गरेको काठेखोला गाउँपालिकाका निर्वाचन अधिकृत हर्कबहादुर केसीले जानकारी दिनुभयो । "निर्वाचन अधिकृतको कार्यालय सानो भएकाले नजिकै रहेको विद्यालयमा मतगणनाको व्यवस्थापन मिलाएका छौँ" केसीले भन्नुभयो "आयोगको निर्देशन अनुसार सिसी क्यामेरा र सुरक्षाका लागि तारजाली लगाइएको हो, मतगणनास्थलको तयारी पूरा भएको छ, अब हाम्रो ध्यान निर्वाचनमा जान्छ ।"

यस्तै जिल्लाको बरेङ गाउँपालिकाले मतगणनास्थलमा हुनसक्ने घटनालाई मध्यनजर गर्दै सिसी क्यामेरासहितको मतगणनास्थलको तयारी गरिएको बरेङ गाउँपालिकाको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। निर्वाचनमा हुनसक्ने अवाञ्छित क्रियाकलापलाई निगरानी गर्न र रोक्न सुरक्षित तरिका अपनाइएको हो । निर्वाचन आयोगले सिसी क्यामेरा जडान गरेर मतगणना गर्न भनेपछि सबै निर्वाचन कार्यालयले स्थानीय पालिकाको व्यवस्थापनमा सिसी क्यामेरा र तारजाली लगाएको हो ।

# लमजुङमा निर्वाचन तयारी तीव्र

रासस
लमजुङ, २८ बैशाख

आसन्न स्थानीय तह निर्वाचनका लागि आवश्यक सामग्रीसहित कर्मचारी र सुरक्षाकर्मी जिल्लाका सबै मतदात केन्द्रमा पुगेका छन् । जिल्लामा रहेको १८२ मतदान केन्द्रमा आवश्यक सामग्रीसहित कर्मचारी र सुरक्षाकर्मी पुगेको प्रमुख जिल्ला अधिकारी सुशील वैद्यले बताउनुभयो ।

उहाँले भन्नुभयो, "जिल्लामा निर्वाचनका लागि आएको सबै मतपेटिका, मतपत्रलगायत आवश्यक सामग्रीसहित मतदान केन्द्रमा पुगेको छ । नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, म्यादी प्रहरी, राष्ट्रिय अनुसन्धानकोसहित दुई हजार ३५० जना सुरक्षाकर्मी र मतदात अधिकृत, सहायक मतदान अधिकृतलगायतका गरी ९८५ जना कर्मचारी खटिएको उहाँको भनाइ छ ।

जिल्लामा १२३ मतदानस्थल अन्तर्गत १८२ मतदान केन्द्र छन् । १८२ जना मतदान अधिकृत र १८२ जना नै सहायक मतदान अधिकृत खटिएका छन् । यसमा ३४९ जना सहयोगी कर्मचारी र १८२ जना कार्यालय सहयोगी खटिएको जिल्ला निर्वाचन कार्यालय लमजुङले जनाएको छ । प्रत्येक मतदान केन्द्रमा तीन/तीनजना गरी ५४६ जना स्वयंसेवक खटाइने भएको छ। एउटा मतदानस्थलमा १ देखि ३ वटासम्म मतदान केन्द्र रहेको जिल्ला निर्वाचन अधिकारी सिर्जना मिश्रले बताउनुभयो ।

उहाँका अनुसार ५०० भन्दा कम मतदाता रहेको १५ मतदान केन्द्र छन् । ५०० सम्म मतदाता रहेको केन्द्रमा एकजना सहायक कर्मचारी र ५०० बढी मतदाता रहेको केन्द्रमा दुई जना सहायक कर्मचारी खटिने भएको छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार आयोगबाट आएको ५८ प्रकारका सामग्रीसहित अन्य आवयक सामग्री समेत पठाएको छ ।

यसअघि मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई गत आइतबार तालिमसमेत प्रदान गरेको थियो । जिल्लामा एक लाख ३१ हजार ४९४ जना कूल मतदाता छन् । त्यस्तै, २२ अतिसंवेदनशील, ८० संवेदनशील तथा २१ सामान्य रहेको बताइएको छ ।

# तीन सय बालिका १८ हजारभन्दा बढी जात संरक्षण

रासस
काठमाडौं, २८ बैशाख

नेपाल कृषि अनुसन्धान परिषद्ले कृषि जैविक विविधतालाई संरक्षण गर्न हालसम्म ३०० बालिका १८ हजारभन्दा बढी जातलाई संरक्षण गरेको छ ।

धान, मकै, गहुँलगायत बाली संरक्षण गरेको परिषद्ले रैथाने बालीको संरक्षण, संवर्द्धन, उपयोग तथा जातीय विकास गर्ने नीति अवलम्बन गरेको छ । बढ्दो खाद्यान्न तथा कृषिजन्य वस्तुको आयात र खाद्यान्न सुरक्षाका दृष्टिकोणले खाद्यान्न बालीको अनुसन्धानलाई प्राथमिकतामा राख्दै धान, मकै, गहुँ तथा आलुमा बढी उत्पादन दिने, जलवायु परिवर्तन अनकुलन, रोग, किरा अवरोधक विभिन्न नयाँ जातको बालीको विकास गरिएको परिषद्का कार्यकारी निर्देशक डा दीपक भण्डारीले जानकारी दिनुभयो ।

धान, मकै र गहुँको क्षेत्रफल क्रमशः २६ र १९ प्रतिशतले वृद्धि भएको छ भने यी बालीको उत्पादनमा क्रमशः ६०, १२० र १४० प्रतिशतले वृद्धि भएको परिषद्ले जनाएको छ । मुलुकमा खेती गहुँको कूल क्षेत्रफलको ९४ प्रतिशत क्षेत्रफलमा परिषद्बाट विकसित भएका जात लगाउने गरिन्छ । यो जातीय परिवर्तनले मात्र मुलुकलाई करिब वार्षिक रु १७ अर्बको आर्थिक योगदान पुग्ने विश्वास गरिएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : मन चञ्चल | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## अर्जेन्ट चाहियो

'New Branch'
**अफिसको लागि**

| | |
|---|---|
| साधारण लेखपढः | ३ जना |
| + 2 above : | 8 जना |
| SLC: | ५ जना |

तलबः १२,५०० देखि १८,५०० सम्म
सम्पर्कः
९८०६५४८०४९
९८५६०३२३५१

# कालीगण्डकी संरक्षणमा दलको मौनताप्रति विरोध

– रामबहादुर थापा
बागलुङ, २८ बैशाख (रासस)

सभ्यता बोकेको कालीगण्डकी नदी संरक्षणको मुद्दा दलका चुनावी प्रतिबद्धतापत्रमा नसमेटिएकामा 'कालीगण्डकी बचाऔँ अभियान'ले आपत्ति जनाएकोछ। मानवीय अतिक्रमणका कारण कालीगण्डकीमा निम्तिएको सङ्कटलाई अनदेखा गर्नु र मौनता साँध्नु दलको कमजोरी रहेको उसको ठहर छ।

अभियानका संयोजक आरके अदीप्त गिरीले त्यसप्रति आफूहरूको गम्भीर आपत्ति रहेको बताउनुभयो । उहाँका अनुसार यस क्षेत्रमा रहेका स्थानीय तहका उम्मेदवार र तिनका दल कालीगण्डकी संरक्षणप्रति उदासिन देखिएका छन् ।

"पर्यावरणका विषयमा दलहरूको दृष्टिकोण के हो ? संरक्षणको के योजना छ ? यी विषय त चुनावी प्रतिबद्धतापत्रमा आउनुपर्‍यो नि", संयोजक गिरीले भन्नुभयो, "मनलाग्दी दोहनले कालीगण्डकीलगायत नदीहरू सङ्कटमा छन्, यिनलाई कसले जोगाउने ?" उहाँले कालीगण्डकी नदीमात्रै नभएर एक सभ्यता पनि भएकाले यसको संरक्षणको विषयलाई सोलोडोलोरूपमा बुझ्न नहुने बताउनुभयो । "कालीगण्डकी एउटा सभ्यता हो, आफैँमा यो देशकै ठूलोमध्येको एक नदी हो", संयोजक गिरीले भन्नुभयो, "ढुङ्गागिट्टी उत्खननका नाममा यसमाथि अनियन्त्रित दोहन चलिरहेको छ, नागरिक तहदेखि राज्य संयन्त्र कालीगण्डकी संरक्षणमा गम्भीर बन्नुपर्छ ।" कतिपय उम्मेदवारका घोषणापत्रमा भने खोलानालाई जोडेर जलाधारण व्यवस्थापन, जैविक विविधतालगायत विषयलाई प्रतिबद्धतापत्रमा समेटेको पाइएको छ । बागलुङ नगरपालिकाको चुनावमा प्रतिस्पर्धामा रहेका सत्ता गठबन्धनका उम्मेदवारको प्रतिबद्धतापत्रमा 'कालीगण्डकी नदी दोहन नियन्त्रण गरी नदीको पवित्रता, जैविक विविधता तथा शालिग्राम संरक्षणलाई अभियानका रूपमा अघि बढाइने', उल्लेख छ । नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टीका साझा उम्मेदवारको प्रतिबद्धतापत्रमा भने कालीगण्डकी संरक्षणको मुद्दा कतै समावेश छैन । बरु कालीगण्डकीको सहायकखोला काठेखोलामा बहुआयामिक पर्यटन प्रवर्द्धन जलविहार परियोजना सञ्चालनको प्रतिबद्धता जनाइएको छ । अभियानले चुनावपछि कालीगण्डकी आसपासका स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधि र सरोकार भएका पक्षलाई राखेर पर्यावरण संरक्षणसँगै मौलिक विकाससम्बन्धी बहस थाल्ने तयारी गरेको छ। मानवीय अतिक्रमणबाट मुक्त गरी कालीगण्डकीलाई प्राकृतिक लयमा फर्काउन अभियानले रचनात्मक दबाब बढाउँदै आएको छ । दुई वर्षअघि जन्मेको अभियानमार्फत 'नदी सप्तक' कविता शृङ्खला पनि चलिरहेको छ।

अभियानले नदीमाथि लेखिएका रचनालाई 'पोस्टर कविता'का रूपमा अनलाइन सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत शृङ्खलाबद्धरूपमा सम्प्रेषण गरिरहेको छ । 'नदी सप्तक' ९४औँ शृङ्खलामा पुगिसकेको अभियानले जनाएको छ । कालीगण्डकी संरक्षण अभियानमा टेवा दिन गायक कर्ण दासको स्वरमा 'ए कालीगण्डकी...' गीत पनि सार्वजनिक गरिएको संयोजक गिरीले बताउनुभयो। उक्त गीतलाई कालीगण्डकी नदीको सभ्यता र महिमा बोल्ने मानक गीतका रूपमा लिन सकिने उहाँको भनाइ छ । संयोजक गिरीले प्रकृति र मानवताप्रेमी जो-कोहीले कालीगण्डकीमाथिको निर्मम दोहनको खुलेर विरोध गर्नुपर्ने धारणा राख्नुभयो । गिट्टी, बालुवाका लागि खानीको विकास गर्नुपर्ने, 'ड्याम' बनाएर सङ्कलित नदीजन्य पदार्थलाई प्राधिकरणमार्फत वितरण गर्न सकिने उहाँको तर्क छ।

कालीगण्डकी दोहनले नदीको सौन्दर्य र सभ्यतामात्र नासिने नभई समग्र मानव-प्रकृति चक्रलाई दुःखान्त स्थितिमा पुर्‍याउने भएकाले संरक्षण अभियान चलाउनुपरेको संयोजक गिरीले बताउनुभयो । धार्मिक, सांस्कृतिक गरिमा, जैविक र प्राकृतिक विविधतासँगै मानिसको जीविकासँग पनि जोडिएको कालीगण्डकी नदीलाई आफ्नै प्राकृतिक स्वरूपमा बग्न दिनुपर्ने अभियानकर्मीहरूको माग छ । विश्वमै दुर्लभ शालिग्राम पाइने एकमात्र नदी भएकाले कालीगण्डकी धर्मप्रेमीका लागि पनि पवित्रस्थल मानिन्छ। हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्तिक्षेत्र हुँदै दक्षिण बग्ने कालीगण्डकी देशको मध्यभागको प्रमुख नदी-प्रणाली हो ।

# एसओएस गण्डकीमा विद्यार्थीको बिदाइ

पोखरापत्र संवाददाता
पोखरा, २८ बैशाख

एसओएस हरमन माइनर स्कुल गण्डकीका कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको बिदाइ समारोह सम्पन्न भएको छ । विद्यालयको प्राङ्गणमा आयोजित एक विशेष समारोहका बीच उनीहरूलाई बिदाइ गरिएको हो। एसओएसका संस्थापक डा. हरमन माइनरको तस्बिरमा पुष्पार्पण गरी कार्यक्रमको समुघाटन गरियो। कक्षा ११ का विद्यार्थीहरूको आयोजनामा सम्पन्न कार्यक्रमको सभापतित्व विद्यालयका प्राचार्य राजेन्द्रकुमार श्रेष्ठले गरेका थिए।

राष्ट्रिय शिक्षा बोर्ड गण्डकी पोखराका प्रमुख विष्णुनारायण श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा एसओएस गण्डकीका कार्यवाहक परियोजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका संयोजक खगेन्द्रराज बरालले विद्यालयले प्राप्त गरेको सफलताको चर्चा गर्दै बिदाइ भएर जाने विद्यार्थीहरूको उत्तरोत्तर प्रगतिको कामना गरे । बिदाइ भएर जाने विद्यार्थीहरूको सम्मानमा कक्षा ११ ले विभिन्न मनोरञ्जनात्मक कार्यक्रम पनि प्रस्तुत गरेका थिए। समारोहमा विद्यालयबाट एमबीबीएस, बीई, कृषिविज्ञान, वनविज्ञान तथा राष्ट्रका विभिन्न क्षेत्रमा उत्कृष्टता हासिल गर्न सफल भूतपूर्व विद्यार्थीहरूलाई समेत सम्मान गरिएको थियो। बिदाइ भएर जाने कक्षा बाह्रका विद्यार्थीहरूलाई परियोजना निर्देशक प्रदीपभक्त आचार्य, विद्यालयका प्राचार्य राजेन्द्रकुमार श्रेष्ठ, सहप्राचार्यद्वय किरण सापकोटा, चूडामणि सुवेदीले संयुक्त रूपमा अबिर, खादासहित मायाको चिनो प्रदान गरे।

# तीस वर्ष भयो, धारा सुक्दै गयो !

– तारानाथ आचार्य
बागलुङ, २८ बैशाख

बागलुङको बडिगाड गाउँपालिका-१ का ५३० घरमा एउटै आयोजनाको भर परेर पानी खानुपर्छ । त्यो पनि १२ किमी परको तारेभिरमा मात्रै मुहान छ।

दैनिक बिहान ४ बजेदेखि उठेर पानी नभरे स्थानीयवासीले दैनिकी गर्न भ्याउँदैनन् । खानेपानी उपभोक्ता समितिका उपाध्यक्ष रेमबहादुर भुजेलले राति ४ बजेदेखि कुरेर पानी भर्दा बिहानभर लाग्ने गरेको गुनासो गर्नुभयो । तीस वर्षअघि बनेका ५० वटा धाराको भरमा वडा नं १ को सबै बस्तीमा अझै पानी वितरण छ। पानी सुक्दै गएपछि स्थानीयवासीले राति ४ बजेदेखि नै उठेर लाइन बस्दा पनि चाहेजति भर्न नपाएको गुनासोसमेत गरेका छन् । तीस वर्षअघि तुम्डाँडाका प्रेमलाल पोखरेलले १२ किमी परको तारेभिरमा पुगेर पानीको मुहान भेट्नुभएको थियो। विश्व सेवा लुथ्रन नामक संस्थाले यो आयोजना निर्माण गरेको थियो । पोखरेल अहिले ७५ वर्षका हुनुभयो । उहाँ हिँडेर मुहानसम्म पुग्न सक्नुहुन्न । गाउँलेले अझै अर्को मुहान भेटेका छैनन् । पहिलाको जनसङ्ख्या बढेर दोब्बर भइसक्यो । 'एक घर, एक धारा'को अभियान पनि सुरु भयो तर पुरानो पानी घट्दै गएको छ । त्यसैले सरसफाइ अभियानलाई खानेपानी चुनौती बनेको छ।

तुम्डाँडाकी सीता विकले पानी खेप्ने हतारोले छोराछोरी समयमा विद्यालय जान नपाएको गुनासो गर्नुभयो । पानी भरिसकेपछि मेलापात, खेतीपाती गर्नु त छँदैछ। उहाँको टोलमा १० घरलाई एउटामात्रै धारो छ । दगागाउँको वडाभवन नजिकैको धारामा त १५ घरले पानी थाप्नुपर्छ। रातिदेखि लाइन बस्नुहुन्छ ।कसैले पालो मिचेमा झगडासमेत हुन्छ। समयमा उठ्न सकिएन भने त पानी थाप्नै नपाइने भुजेलले बताउनुभयो । "पानी खेपेर २०० लिटरको ड्रम भरेर भित्र राखेपछि मात्रै ढुक्क हुन्छ", भुजेलले भन्नुभयो, "नत्र खानेपानीदेखि शौचालयसम्मको समस्या छ ।" बारीमा तरकारी फलाउने, गाईभैँसीलाई खुवाउने काममा त झनै धेरै पानी चाहिन्छ । दैनिक एक हजार लिटर पानी नभएसम्म दैनिकी नचल्ने भुजेलले बताउनुभयो।

टुटीफेद, गहते, सिमलचौरलगायतका बस्तीमा पनि पानीको सास्ती छ। पुरानो मुहान धेरै स्थानमा भत्केको छ। पानीको चुहावट छ, त्यसैले यहाँ नियमित पानीसमेत आउँदैन। स्थानीयवासीकै पहलमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले पानी खुवाउने काम भने थालेको तर टुक्रे बजेटले यो अभियान पूरा हुन नसकेको हो। "केही ट्याङ्की त निर्माण भइरहेका छन्, तर बजेट अभावले पूरा भएका छैनन्", स्थानीयवासीले भने, "पूर्ण सरसफाइयुक्त वडा बनाउन लागेका छौँ, पानीकै समस्या भयो ।" सबै घरमा शौचालय बने पनि पानीकै कारण कतिपय प्रयोगमा आउन नसकेको उहाँले बताउनुभयो।

स्थानीय मूल सुक्दै गएकाले तारेभिरबाटै पानीको स्रोत बढाएर ल्याउनुपर्ने बाध्यता भएको स्थानीय बोमबहादुर थापाले सुनाउनुभयो । हाल निर्माणाधीन आयोजनामा पुगेर मर्मत गर्नसमेत एक दिनमा नसकिने उहाँले बताउनुभयो । "बिहानै गएका कामदार दिउँसो पुग्छन्, दुई घण्टा काम गरेर फर्कन हतार हुन्छ", थापाले भन्नुभयो, "तारेभिरमा बस्न खानाको समस्या समेत छ ।" दुई महिनाअघि यहाँ निर्माणाधीन आयोजनाबाट लडेर एक कामदारको मृत्यु भएपछि स्थानीय जानसमेत डराउँछन् । तारेभिर वडा नं ३ सिसाखानी र वडा नं ४ जलजलाको सिमानामा पर्छ। पानीकै अभावले ७०० विद्यार्थी रहेको खड्गदेवी माविमा शौचालय फोहर छ । एउटा धाराको भरमा पानी वितरण गर्दा खाने, सरसफाइलगायतमा अपुग भएको शिक्षकहरूले गुनासो गर्नुभयो। कतिपय बालबालिका शौच गर्नसमेत घर-घरमा जाने गरेका छन् । "पानी नभएर घरमै आएर शौचालय जान्छन्", स्थानीयवासी दुर्गा थापाले भन्नुभयो, "पानीकै कारण खुला दिसामुक्त अभियान सफल पार्न कठिन भएको छ ।" आनीबानी परिवर्तन गरेर पूर्ण सफाइ वडा घोषणाको तयारी गरे पनि पानीले चुनौती थपेको उहाँले गुनासो गर्नुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. २०२३/०१/१७ गते

स्वर्गारोहणः
वि.स. २०७९/०१/१७ गते

**स्वः नुर बहादुर जि.सी.**

हाम्रा प्रातः स्नेह पुत्र **नुर बहादुर जि.सी.** को ५६ वर्षको उमेरमा अकल्पनीय असामयीक निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। दुःखको आज १३ औं दिनको पुण्य तिथिमा ब्रह्मलिन आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं।

**बाबाः खड्ग बहादुर जि.सी.**
**श्रीमतीः ज्ञानु जि.सी.**

**दाजु/भाउजुः**
दिपक /लक्ष्मी जि.सी.
**भाइ/बुहारीः**
हरिश्चन्द्र/इन्दु जि.सी.
**छोरा/बुहारीः**
दिवस/ विमला जि.सी.

**छोराहरूः**
सरोज, सुशिल, प्रसान्त जि.सी.
**बहिनी ज्वाइँः**
चन्द्रवती/ रमेश भण्डारी
**छोरी ज्वाइँहरुः**
दिपिका/ पूर्णराज बोहोरा
दिपा/ सुर्दशन थापा

**छोरीः**
इसा जि.सी.
**भन्जाभान्जीहरूः**
निरू, सरू, कृष्ण भण्डारी

**नाति,नातिनाहरूः**
नृबिक, प्रज्ञा बोहोरा
दियाना जि.सी.

**एवम् सम्पूर्ण जि.सी. परिवार**

पूनश्चः मिति २०७९ बैशाख २९ गते बिहीबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं। समयः बिहान ८:०० बजेदेखि स्थानः पोखरा-२६, अर्धौ, सुन्दरीबजार